श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ।

२०३० सालको ऐन नं. १२

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपाल प्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

### निर्वाचन (अपराध तथा सजाय) ऐनलाई संशोधन गर्न बनेको ऐन

प्रस्तावनाः– निर्वाचन (अपराध तथा सजाय) ऐन, २०२४ (यसपछि मूल ऐन भनिएको) लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ।

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यस ऐनको नाम "निर्वाचन (अपराध तथा सजाय) (दोस्रो संशोधन) ऐन, २०३०" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. मूल ऐनको दफा ६ मा संशोधनः– (१) मूल ऐनको दफा ६ को उप-दफा (२) पछि देहायको उप-दफा (२क.) थपिएको छः–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२क.) आचार संहिता अन्तर्गत निष्काशित व्यक्ति त्यसरी निष्काशन गर्न अधिकार प्राप्त अधिकारी वा समितिद्वारा तोकेको बढीमा दुई वर्षसम्मको अवधिभर कुनै निर्वाचनमा उम्मेदवार हुन पाउने छैन ।

स्पष्टीकरणः– यस दफामा "आचार संहिता" भन्नाले पञ्चायत, वर्गीय तथा व्यावसायिक संगठन र गाउँ फर्क राष्ट्रिय अभियान समितिका विभिन्न तहका सदस्यहरूले आफ्नो पद अनुसार आचरण नगरे बापत निजहरूउपर कारवाई गर्ने व्यवस्था गरिएको आचार संहिता एवं नियमहरू सम्झनुपर्छ ।

(२) मूल ऐनको दफा ६ को उप-दफा (३) को सट्टा देहायको उप-दफा (३) नेराखएको छः–

(३) कुनै निर्वाचनमा उम्मेदवारको रूपमा खडा भएको व्यक्ति उप-दफा (१) वा (२) वा (२क.) बमोजिमको अयोग्यताको अवस्था परेमा मतदान शुरु हुनुभन्दा अगावै जुनसुकै बखत पनि त्यस्तो उम्मेदवारको दरखास्त स्वतः खारेज हुनेछ ।

लालमोहर सदर मिति– २०३०।५।१५।६

आज्ञाले–
चूडामणिराज सिंह मल्ल
श्री ५ को सरकारको सचिव

मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।